**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १८ गते सोमबार ❑ 2 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मध्यपूर्वमा १७ लाखभन्दा बढी नेपाली, सुरक्षाका निर्देशन पालना गर्न सरकारको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

नेपाल सरकारले मध्यपूर्व क्षेत्रमा पछिल्लो विकसित घटनाक्रमपछि त्यहाँ रहेका १७ लाख बढी नेपालीलाई सम्बन्धित मुलुकको सुरक्षा निर्देशन पालना गरी सुरक्षित रहन आग्रह गरेको छ।

परराष्ट्र मन्त्रालयमार्फत सरकारले त्यस क्षेत्रमा रहेका नेपाली नागरिकको सुरक्षा उच्च प्राथमिकतामा रहेको जनाउँदै सुरक्षा सतर्कता अपनाउन आग्रह गरेको हो । संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि शनिबार संयुक्त रूपमा सैन्य आक्रमण गरेपछि र इरानले त्यसको प्रत्याक्रमण गरेपछि मध्यपूर्वको स्थिति तनावपूर्ण बनेको छ । सो सम्बन्धमा जानकारी दिन मन्त्रालयले आइतबार यहाँ आयोजना पत्रकार सम्मेलनमा सहसचिव कृष्णप्रसाद ढकालले भन्नुभयो, "हालसम्म त्यस क्षेत्रमा नेपाली नागरिक सुरक्षित छन् । नेपाल सरकारले घटनाक्रम नजिकबाट हेरिरहेको छ। सम्बन्धित मुलुकले जारी गरेको सुरक्षासम्बन्धी सूचना जानकारी लिई त्यसको पालना गर्न आग्रह गर्दछौं ।" यस्ता घट्नाक्रमलाई सम्बोधन गर्न मन्त्रालयले 'र्‍यापिड एक्सन टिम' गठन गर्न लागेको सहसचिव ढाललले जानकारी दिनुभयो । मध्यपूर्व र आसपासका इरानमा छ जना, इजरायलमा छ हजार ५००, इजिप्टमा ५००, ओमानमा २५ हजार, कतारमा तीन लाख ५७ हजार, कुवेतमा एक लाख ७५ हजार, जोर्डनमा तीन हजार, बहराइन २८ हजार, साउदी अरबमा तीन लाख ८४ हजार ८६५, संयुक्त अरब इमिरेट्समा चार लाख ७८ हजार १४४, लेबनानमा एक हजार ५००, इराकमा ३० हजार र साइप्रसमा १७ हजार गरी हाल कुल १७ लाख २९ हजार २८८ जना नेपाली नागरिक रहेको जनाइएको छ।

पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले त्यस क्षेत्रका नेपालीको सुरक्षाका लागि सरकारले आवश्यक काम र पहल गरिरहेको बताउनुभयो। उहाँले त्यहाँ नेपाली नागरिकलाई घरभित्रै सुरक्षित रहन, सूचना पालना गर्न, अफ्ठ्यारो परेमा दूतावास र मन्त्रालयसँग सम्पर्कमा रहन आग्रह गर्नुभयो । मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी श्रेष्ठले नेपाली नागरिकको सरक्षाका लागि त्यस क्षेत्रका आठ दूतावास र दुई कन्सुलर सेवाबाट सूचना जारी गरी समन्वय भइरहेको प्रवक्ता क्षेत्रीले बताउनुभयो। यसैगरी मन्त्रालयले 'एडभाइजरी' जारी गर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको हो। "सकेसम्म घरभित्रै बस्नुहोस्, सतर्क रहनुहोस्, आवश्यक सावधानी अपनाउनुहोस् र आफू रहेको स्थानका नेपाली समुदायसँग नियमित सम्पर्कमा रहनुहोस्।

सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना अनावश्यक यात्रा नगर्नुहोस् । काठमाडौंस्थित परराष्ट्र मन्त्रालय, तेल अविवस्थित नेपाली दूतावास तथा दोहास्थित नेपाली राजदूतावाससँग नियमित सम्पर्कमा रहनुहोस्", मन्त्रालयले जारी गरेको एडभाइजरीमा उल्लेख छ। मध्यपूर्वको घट्नाक्रमपछि हाल भिसा र टिकट लिई गन्तव्य मुलुक जाने तयारीमा रहेका, गन्तव्य मुलुक जानका लागि विमानस्थल पुगेका र युरोप तथा अमेरिका जानका लागि ट्रान्जिट विमानस्थलमा अलपत्र परेका नेपाली नागरिकले सास्ती भोग्नुपरेको पनि जनाइएको छ।

## पोखरामा सुटकेस भित्र एक युवतीको शव भेटियो

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पोखरामाको ड्यामसाइड क्षेत्रको खोलामा सुटकेसभित्र एक युवतीको शव फेला परेको छ । प्रहरी टोली घटनास्थलमा पुगेर सुटकेस खोलेर हेर्दा करिब २५ वर्षीया युवतीको शव फेला परेको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी एवं डीएसपी हरिबहादुर बस्नेतले जानकारी दिनुभयो।

प्रारम्भिक अवलोकनमा मृतकको घाँटीमा गहिरो चोट देखिएकाले हत्या भएको आशंका गरिएको डीएसपी बस्नेतले बताउनु भयो । शव हाल पोष्टमार्टमका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा राखिएको छ । मृतकको सनाखत हालसम्म हुन नसकेको प्रहरीले जनाएको छ । खोलामा तन्नाले बेरिएको सुटकेस देखेपछि स्थानीयले आइतबार बिहान करिब ८:०० बजे तिर बैदाम वडा प्रहरी कार्यालयलाई खबर गरेका गर्नु भएको थियो। घटनाबारे थप अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

## गण्डकीमा १७ अस्थायी मतदान केन्द्र निर्धारण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशका ११ जिल्लामा कुल १७ अस्थायी मतदान केन्द्र निर्धारण गरिएको छ।

गोरखा, पर्वत, म्याग्दी, तनहुँ, कास्की र बागलुङमा दुई-दुईवटा र नवलपुर, स्याङ्जा, मनाङ, मुस्ताङ र लमजुङमा एक-एकवटा अस्थायी मतदान केन्द्र तोकिएको प्रदेश निर्वाचन कार्यालय पोखराका प्रमुख नारायण ढकालले जानकारी दिनुभयो । गण्डकी प्रदेशमा अस्थायी मतदाता २१ हजार ६९३ जना रहेका छन् । निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी र कारागारकाकैदीबन्दीलगायतअस्थायी मतदातामा समावेश छन् । अस्थायी मतदाताले ताकिएको अस्थायी मतदान केन्द्रबाट समानुपातिकतर्फ मत दिन पाउने प्रदेश निर्वाचन अधिकारी ढकालले बताउनुभयो। गण्डकी प्रदेशभर कुल १८ लाख ७० हजार ६५ मतदाता छन्। प्रदेशमा एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र कायम गरिएको छ । निर्वाचन सम्पन्न गर्न झन्डै २१ हजार कर्मचारी र स्वयंसेवक परिचालन गरिने भएको छ।

तीमध्ये १४ हजार ३५० कर्मचारी र सात हजार ६५ स्वयंसेवक रहनेछन् । गण्डकी प्रदेशका १८ निर्वाचन क्षेत्रमा ३० स्वतन्त्र उम्मेदवारसहित २३४ जना उम्मेदवार चुनावी मैदानमा छन् । जसमध्ये २९ महिला र २०५ पुरुष उम्मेदवार रहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

## पोखरामा होली उत्सव नहुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पर्यटनको राजधानी पोखरामा मा यस वर्ष सार्वजनिक रूपमा होली उत्सव नहुने भएको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन-२०८२ को सुरक्षा संवेदनशीलता र निर्वाचन आचारसंहिता कार्यान्वयनलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय कास्कीले खुला सडक तथा सार्वजनिक स्थानमा होलीका नाममा हुने भीडभाडयुक्त कार्यक्रम नगर्न आग्रह गरेको हो।

जिल्ला प्रशासन कार्यालय कास्कीले सार्वजनिक सूचना जारी गर्दै फागुपूर्णिमा (होली) पर्व सभ्य, मर्यादित र घरपरिसरभित्र मनाउन अनुरोध गरेको हो । निर्वाचन सम्पन्न नभएसम्म खुला स्थानमा 'डीजे कार्यक्रम', 'कलर फेस्ट', 'होलि कन्सर्ट' लगायतका कार्यक्रम गर्न अनुमति नदिइने प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताउनु भयो।

धार्मिक सहिष्णुता र सामाजिक सद्भाव कायम राख्दै कसैको इच्छाविपरीत रंग दल्ने, पानी छ्याप्ने, लोला हान्ने, बाटो अवरोध गर्ने, जबर्जस्ती रकम असुल्ने, मादक पदार्थ सेवन गरी सवारी चलाउने जस्ता गतिविधि नगर्न उहाँले चेतावनी दिनुभयो। निर्वाचन आचारसंहिता-२०८२ विपरीत कुनै दल वा उम्मेदवारको चुनाव चिन्ह, झण्डा वा प्रचार सामग्री प्रयोग नगर्न पनि आग्रह गरिएको छ । यसैबीच, विगतका वर्षहरूमा लेकसाइड क्षेत्रमा आयोजना हुँदै आएको 'होली महोत्सव' यस वर्ष स्थगित गरिएको छ । रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलका अनुसार प्रशासनको आग्रह र निर्वाचनको संवेदनशीलतालाई सम्मान गर्दै कार्यक्रम नगर्ने निर्णय गरिएको हो। "हामीले हरेक वर्ष पर्यटकसँगै लेकसाइडमा होली मनाउँदै आएका थियौं, तर यसपटक प्रशासनको निर्देशनलाई सम्मान गरेका छौं," उहाँले बताउनु भयो। त्यस्तै, फेवाताल किनारको बाराहीघाट चौरमा आयोजना हुँदै आएको बृहत् होली विशेष कार्यक्रम 'होलिल्याण्ड' पनि यस वर्ष नहुने भएको छ । प्रचार नेपाल का सञ्चालक आशिष पुरीका अनुसार प्रतिनिधि सभा निर्वाचनका कारण कार्यक्रम स्थगित गरिएको हो।

प्रशासनले निर्वाचन अवधिभर शान्ति सुरक्षा कायम राख्न सबै राजनीतिक दल, उम्मेदवार, मतदाता, निजी क्षेत्र, सञ्चारमाध्यम तथा सर्वसाधारणलाई सहयोग गर्न आग्रह गरेको छ। नियम उल्लंघन भए प्रचलित कानूनबमोजिम कारबाही गरिने चेतावनी समेत दिइएको छ । यस वर्ष पोखरामा होली पर्व घरपरिसरमै सीमित हुने देखिएको छ।

## निर्वाचन आचारसंहिताको पालना गर्न आयोगको आग्रह

**रासस**
काठमाडौं, १७ फागुन

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र मानवअधिकारमैत्री रूपमा सम्पन्न गर्नका लागि निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्न आग्रह गरेको छ । निर्वाचन सफल पार्न सबैको भूमिका महत्वपूर्ण हुने भएकाले सबै पक्षले धैर्यता र संयमता अपनाउन, सामाजिक सञ्जालको दुरुपयोग नगर्न, गालीगलौज गर्ने प्रकारका सामग्री उत्पादन र प्रकाशन/प्रसारण नगर्न, शान्ति सुरक्षालाई थप मजबुत बनाउन, संभावित अवाञ्छित गतिविधि हुन नदिन तथा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्न आयोगले आग्रह गरेको छ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलद्वारा आज जारी प्रेस विज्ञप्तिमा निर्वाचनलाई मानवअधिकारमैत्री बनाई नागरिकको मानवअधिकारको सम्मान गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गरिएको उल्लेख छ । "आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ, देशका विभिन्न भागमा र्‍याली तथा सभामा बालबालिका सहभागी हुनु, पत्रकारमाथि धम्की तथा कुटपीट हुनु आचारसंहिता विपरीत हो", विज्ञप्तिमा भनिएको छ, "भौतिकरूपमा चुनाव चिह्नको प्रयोग हुनु, बिना अनुमति व्यक्तिका घरमा प्रचार सामग्री र झण्डा टाँगिनु, स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारी निर्वाचनको प्रचारप्रसारमा सहभागी हुने गरेको पाइएको छ।" अनुगमनका क्रममा उम्मेदवारले अनुमति बिना बढी सवारीसाधन प्रयोग गर्नु, मतदातालाई अनुचित प्रभाव पार्ने प्रयास गरिनु, दलका कार्यकर्ता र समर्थकले सामाजिक सञ्जालको दुरुपयोग गरी एकापसमा गालीगलौज गर्ने गरेको पाइएको आयोगले जनाएको छ । साथै, सीमान्तकृत समुदायमा पर्याप्त मतदाता शिक्षा पुग्न नसक्नुजस्ता तथ्य पाइएको भएपनि दलका नेता र उम्मेदवारबीचको आपसी सौहार्दता, सुरक्षा निकायको सुरक्षा सतर्कता तथा निर्वाचन अधिकारी र स्थानीय प्रशासनबाट भएको निर्वाचनको तयारीजस्ता विषयलाई आयोगले सकारात्मक रूपमा लिएको विज्ञप्तिमा उल्लेख छ । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा आयोगले अनुगमन टोली बनाई ४२ जिल्लामा निर्वाचनपूर्वको अनुगमन गरेको छ।

आयोगको केन्द्रीय तथा प्रदेश कार्यालयबाट खटिएको अनुगमन टोलीले निर्वाचन अधिकृतको कार्यालयबाट भएको निर्वाचन तयारी, आचारसंहिताको पालनाको स्थिति, शान्तिसुरक्षाको अवस्थालगायतका विषयमा प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग छलफल गरेको थियो। अनुगमनका क्रममा राजनीतिक दल, उम्मेदवार तथा मतदातासँग आयोगले जानकारी लिएको र आयोगले विगतका निर्वाचनदेखि नै निर्वाचन अनुगमन गरी प्राप्त तथ्यका आधारमा सम्बन्धित निकायलाई आवश्यक सिफारिस गरी निर्वाचनलाई मानवअधिकारमैत्री बनाउन आग्रह गर्दै आएको छ। आयोगले निर्वाचनको दिन पनि विभिन्न अनुगमन टोली बनाई देशैभर अनुगमन गर्नेछ।


**निर्वाचनलाई वातावरणमैत्री बनाऔं।**

- सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन् प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाओं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं। हरित निर्वाचन अभियानलाई सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्की निर्वाचन: घरदैलोमा उम्मेदवार र मतदाताका अपेक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

देशभर जस्तै कास्कीका सहर तथा गाउँ बस्ती राजनीतिक बहसले तातेका छन् । यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा उम्मेदवारहरू हातमा सङ्कल्प प्रस्ताव र प्रतिबद्धता बोकेर मतदाताकहाँ पुगिरहेका छन् ।

ज्येष्ठ नागरिक हुन् या युवा किसान हुन् वा स्कुल जाँदै गरेका बालबालिका, घरआँगनमा बसिरहेका आमा, दिदीबहिनी हुन् या दाजुभाइ जसलाई भेट्दा पनि उम्मेदवारले प्रायः 'तपाईंहरूको समस्या के छ ?" भनेर बुझ्ने प्रयास गरिरहेका छन् । मतदाताले भने फरक फरक आवश्यकता, माग, समस्या र पीडा सुनाइरहेका छन् ।

मतदाताले साझा समस्या सुनाउछन्, "चुनाव आउँदा नेताहरू देखिनु हुन्छ, चुनाव सकिएपछि हराउनु हुन्छ । कृषि, सडक, खानेपानी, विद्युत्, स्वास्थ्य, शिक्षा, सिँचाइ, बस्ती संरक्षण, भूमिअधिकारलगायत सुविधा चाहियो ।" युवाहरूले रोजगारीको अवसर पाइएन भन्छन् । किसानले वन्यजन्तुका कारण कृषि उत्पादन जोगाउनै मुस्किल परेको सुनाउँछन् । पछिल्लो समय त बाघ, चितुवा, भालु जस्ता जनावरले मानिसलाई आक्रमण गर्न थालेका छन् । यी सबै आवाज मतदाताले उम्मेदवारका अगाडि उभिएर खुला मनले राखिरेहका छन् । यस्तै, मुलुकमा सुशासन कायम गर्नुपर्ने, सरकारी कामकाज सहज हुनुपर्ने र देशमा ठूलै परिवर्तन भए पनि जनताको अवस्था नसुध्रिएकाले त्यसमा ध्यान दिनुपर्ने मतदाताको माग हुन्छ । "के यस पटक वाचा जस्तै, काम पनि देखिन्छ त ?", कतिपय मतदातले जिज्ञासा राख्छन् । पोखरा-११ काहुँडाँडाकी अम्विका आचार्य उम्मेदवारसँग माग राख्नुहुन्छ," कास्की जिल्लामा ५२० वटा सामुदायिक वन उपभोक्ता समूह छन् । समुदायले संरक्षण गरेको वनको उपयोग गर्न कानुनी झन्झट छ । वन पैदावारको उपयोग हुन नसक्दा जङ्गली जनावर बढिरहेका छन्, जसले मानव–वन्यजन्तु द्वन्द्व बढिरहेको छ । रोजगारीको समस्या त छँदैछ ।

सरकारीस्तरबाट यी समस्या समाधानका लागि तत्काल प्रयास गर्नुपर्छ । उत्पादित वस्तुको बजारीकरणमा समस्या छ, विस्तारै ग्रामीण बस्ती रित्तिँदै गएका छन्, अधिकांश जग्गा बाँझिँदै गएका छन् । यी समस्या कसरी समाधान गर्नुपर्छ ।" पोखरा महानगरपालिका-१७ दोविल्लाका बासिन्दाको रातदिनको चिन्ता भनेको बस्ती संरक्षण रहेको हो । पूर्वपट्टि सेतीनदी र पश्चिमतर्फ फुस्रेखोलाको कटानबाट जोखिममा परेको दोविल्लाका स्थानीयवासीको जुनसकै पार्टीका उम्मेदवार आउँदा पनि बस्ती संरक्षणको माग गर्ने गरेको दोविल्ला टोलविकास संस्थाका अध्यक्ष गौतम गिरी बताउनुहुन्छ । ग्रामीण क्षेत्रका बासिन्दाको अर्को जटिल समस्या भनेको जलविद्युत् आयोजनाले पारेको प्रभाव पनि हो । प्रभावित क्षेत्रका बासिन्दा भन्दछन्, "गाउँमा जलविद्युत् आयोजना बन्यो स्थानीयलाई पीडाबाहेक अरू केही छैन । जोखिम बढेको छ आयोजनाले गर्नुपर्ने जिम्मेवारी कागजमा सीमित छ, कतिपय नदीखोलामा त सिँचाइका लागि पानी होइन, दाहसंस्कारमा पनि पानीको समस्या सिर्जना हुने गरेको छ ।"

निर्वाचन नजिकिँदै गर्दा सामाजिक सञ्जाल, चियापसल, अन्य जमघटमा मतदाताबीच चुनावी चर्चा-परिचर्चा हुने गरेको छ । दलहरूले पनि विभिन्न माध्यमबाट मतदातासम्म पुग्न प्रयास गरिरहेका छन् । यसले कास्कीका लागि पनि यो निर्वाचन केवल जित र हारको लडाइँ मात्र होइन, भरोसाको परीक्षण पनि हो भन्ने देखाउँछ । तीन निर्वाचन क्षेत्र रहेको यस जिल्लामा तीन लाख आठ हजार २७२ मतदाता छन् । तीमध्ये महिला मतदाता एक लाख ६० हजार १५३ र पुरुष एक लाख ४८ हजार ४१५ रहेको निर्वाचन कार्यालय कास्कीका सूचना अधिकृत रुद्रनाथ न्यौपानेले जानकारी दिनुभयो ।

जिल्लामा अन्य मतदाताको सङ्ख्या भने चार रहेको छ । उहाँकाअनुसार निर्वाचन क्षेत्र नं १ मा सबैभन्दा बढी एक लाख १६ हजार ८७८ र अन्य एक, निर्वाचन क्षेत्र नं २ मा ८४ हजार १३४ तथा अन्य एक, त्यसैगरी, नं ३ मा एक लाख सात हजार ५६० एवम् अन्य दुई जना मतदाता रहेका छन् । जिल्लामा कुल मतदानस्थल १५३ र मतदान केन्द्र ३६३ रहेका छन् । कास्कीमा विभिन्न राजनैतिक दल र स्वतन्त्र गरी कुल ४५ जना उम्मेदवार चुनावी मैदानमा छन् । क्षेत्र नं १ र २ मा १७/१७ र क्षेत्र नं ३ मा १५ जना उम्मेदवार छन् ।

निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सरोकार भएकाहरूले सक्रियता देखाएसँगै तयारी तीव्र पारिएको छ । कास्कीका तीनवटै निर्वाचन क्षेत्रमा दुई हजार २०० कर्मचारी र एक हजार १०० स्वयंसेवक परिचालन हुनेछन् । यसैगरी, दुईवटा अस्थायी मतदान केन्द्र छन् । प्रत्येक मतदान केन्द्रमा छ जना कर्मचारी र तीन जना स्वयंसेवकको व्यवस्था गरिएको छ । फागुन १७ गतेदेखि कर्मचारीहरू सम्बन्धित मतदान केन्द्रमा पुगिसक्ने सूचना अधिकारी न्यौपानेले जानकारी दिनुभयो । अधिकांश सामग्री निर्वाचन आयोगबाट प्राप्त भइसकेकाले कर्मचारी र आवश्यक सामग्री कार्यक्षेत्रमा पुर्‍याउने तयारी भइरहेको उहाँले बताउनुभयो ।

भयरहित र निष्पक्ष निर्वाचन सम्पन्न गर्नका लागि जिल्लामा ८६० नेपाल प्रहरी र एक हजार ९३९ जना निर्वाचन प्रहरी खटाइने जिल्ला प्रशासन कार्यालय कास्कीले जनाएको छ । सुरक्षाका लागि १२ वटा मोबाइल गस्ती टोली परिचालन गरिने छ, जसमा पोखरा महानगरमा चार र प्रत्येक गाउँपालिकामा दुईवटा टोली रहनेछन् । विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीका तीनवटा क्षेत्रमा (नेकपा) एमालेका उम्मेदवार विजयी भएका थिए ।

# उमेरले छेक्न नसकेको प्रचार: अठहत्तर वर्षीय प्यासी मत माग्दै घरदैलोमा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सरगर्मी कास्कीमा दिनदिनै बढ्दो छ ।

घरदैलो अभियानले तिब्रता पाउँदै गर्दा उम्मेदवारसंगै मत माग्दै हिडँने नेता कार्यकर्ताको भीड देखिन्छ । तर यस पटकको दृष्यमा एउटा विशेष उपस्थितिले सबैको ध्यान खिचिरहेको छ त्योहो ७८ बर्षीय वामपन्थी नेता सोमनाथ अधिकारी प्यासीको निरन्तर सहभागिता । नेकपा एमालेका तर्फवाट कास्की निर्वाचन क्षेत्र नं. २ का उम्मेदवार रश्मी आचार्यको घरदैलो कार्यक्रममा प्यासी उम्मेदवारसंग संगसंगै हिँडिहनु भएको छ । उमेरले ढल्किँदै गएपनि उर्जा र प्रतिवद्धतामा कमी नआएको उनको उपस्थितिले अभियानलाई भावनात्मक उचाई दिएको छ । २०४३ सालमा जनपक्षीय उम्मेदवारका रुपमा बाल्टी चिन्ह लिएर चुनाव जितेका प्यासीलाई अहिले पनि मतदाताले त्यो ऐतिहासिक क्षण सम्झाईदिन्छन् । पञ्चायती व्यवस्थाको कठोर समयमा जनताको मतवाट विजयी बन्नुभएको उहाँले प्रजातन्त्र स्थापनापछि २०४८ सालको निर्वाचनमा कास्की निर्वाचन



क्षेत्र नं. ४ बाट समेत विजयी हुनु भएको थियो । कोशी प्रदेशको प्रदेश प्रमुखको समेत भूमिका निर्वाह गर्नुभएका प्यासी घरदैलोका क्रममा मुस्कुराउँदै भन्नुहुन्छ, "प्रचारमा उमेरले छेक्दैन, विचार र विश्वास बलियो भए पुग्छ ।" उहाँको यही सक्रियता अहिलेका युवा कार्यकर्ताका लागि प्रेरणा बनेको छ । रश्मी आचार्यको अभियानमा प्यासीको उपस्थिति केवल समर्थन मात्र होइन, एक पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण भईरहेको राजनीतिक निरन्तरताको संकेत पनि हो । पाँच छ दशक लामो राजनीतिक यात्राले उनलाई मतदातावीच विश्वासको प्रतिक बनाएको छ ।

घरघरमा पुग्दा मतदाताले उहाँलाई पुराना संघर्षका दिन सम्झाउँछन् भने युवा पुस्ताले जीवित इतिहासका रुपमा हेर्ने गरेका छन् । कतिपय कार्यकर्ता मात्र होईन मतदाता समेत उहाँसंग फोटो र भिडियो बनाउन मोवाईल निकाल्ने गरेका छन् ।

यस पटकको निर्वानमा एमाले उम्मेदवार रश्मी आचार्यको पक्षमा मत माग्दै हिंडिरहेका प्यासीको सन्देश स्पष्ट छ राजनीति केवल पदका लागि मात्र होइन, रिन्तर प्रतिवद्धताका लागि हो । कास्की २ को चुनावी माहोलमा उहाँको उपस्थिति एउटा सशक्त सन्देश वनिरहेको छ उमेर होइन, उत्साह र आस्थाले नै अभियानलाई चलायमान बनाउँछ ।

# मुस्ताङका दश मतदान केन्द्र संवेदनशील

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मुस्ताङका ३९ मतदान केन्द्रमध्ये १० मतदान केन्द्रलाई संवेदनशील सूचीमा राखिएको छ । भौगोलिक विकटता तथा मतदाता सङ्ख्याका आधारमा यहाँका १० मतदान केन्द्रलाई संवेदनशील सूचीमा राखिएको हो ।

यहाँका १० मतदान केन्द्रलाई संवेदनशील सूचीमा राखिएको भए पनि संवेदनशील सूचीमा राखिएका मतदान केन्द्रको नामावली सुरक्षा दृष्टिकोणका कारण सार्वजनिक गर्न अप्ठ्यारो हुने प्रमुख जिल्ला अधिकारी अजिता शर्माले बताउनुभयो । "जिल्ला सुरक्षा समितिले यहाँका केही मतदान केन्द्रलाई विविध कारणले पहिचान गरी संवेदनशील सूचीमा राखेका छौँ, ती संवेदनशील मतदान केन्द्र गोप्य नै राखेका छौँ, हामीले ती मतदान केन्द्रलाई विशेष प्राथमिकतामा राखेर सबैखाले सुरक्षा प्रबन्ध मिलाइरहेका छौँ", प्रजिअ शर्माले भन्नुभयो । अन्य सबै मतदान केन्द्रको अवस्था सामान्य रहेको जनाइएको छ । निर्वाचन सुरक्षाका लागि मुस्ताङका सबै मतदान केन्द्रको सुरक्षा प्रबन्धका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीसँगै ३१२ जना निर्वाचन प्रहरीलाई कार्यस्थलमा खटाइसकिएको छ । त्यसैगरी, निर्वाचनमा खटिने २१६ जना कर्मचारी जनशक्तिलाई पनि फागुन १८ गतेसम्म मतदान सामग्रीसहित कार्यस्थलमा खटाइने कार्यतालिका रहेको जनाइएको छ । उच्च उचाइको मतदान केन्द्रहरूमा खटाइने सुरक्षा र कर्मचारी जनशक्तिको स्वास्थ्य सुरक्षाका लागि आवश्यक स्वास्थ्य सुरक्षा सतर्कता अपनाइएको छ । नेपाल प्रहरीबाट माथिल्लो मुस्ताङका मतदान केन्द्रमा खटिने सुरक्षा र निर्वाचन गराउने जनशक्तिको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै लोमान्थाङमा विशेषज्ञ चिकित्सकको व्यवस्था गरिएको छ भने लोमान्थाङरलोघेकरदामोदरकुण्ड गाउँपालिकालगायत सबै वडाका स्वास्थ्य केन्द्र र स्वास्थ्यचौकीलाई तयारी अवस्थामा राखिएको छ ।

मुस्ताङमा उच्च उचाइका २१ मतदान केन्द्रमा लेक लाग्ने समस्यासँग सम्बन्धित पाँच प्रकारका औषधि पनि पठाइसकिएको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र ज्ञवालीले जानकारी दिनुभयो । उहाँका अनुसार माथिल्लो मुस्ताङका छ मतदान केन्द्र, लोघेकर दामोदरकुण्डका १० मतदान केन्द्र र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका छ मतदान केन्द्रमा लेक लाग्ने सम्भावना रहेकाले त्यहाँका मतदान केन्द्रमा पोर्टेबल अक्सिजन क्यानसहित पाँच प्रकारका प्राथमिक उपचारका औषधिको व्यवस्थापन गरिएको जिल्ला निर्वाचन अधिकारी ज्ञवालीले बताउनुभयो ।

त्यसैगरी, निर्वाचन सुरक्षाका लागि फागुन १८ गते रातिदेखि फागुन २१ गते रातिसम्म नेपाल-चीन सीमानाका पूर्ण रूपमा बन्द गरिने भएको छ । निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न शुक्रबार रातिदेखि फागुन २१ गते मतदानकार्य सम्पन्न नहुँदासम्म जिल्लामा मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाइएको छ । यस्तै, फागुन २० गते बुधबार रातिदेखि फागुन २१ गते मतदानकार्य सम्पन्न नहुँदासम्म अतिआश्यक सवारीसाधनबाहेक सार्वजनिक तथा निजी सवारीसाधन सञ्चालन गर्नमा रोक लगाएको छ ।

# मनाङमा कर्मचारी र सुरक्षाकर्मी अति संवेदनशील क्षेत्रमा

**रासस**
मनाङ, १७ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कर्मचारी र सुरक्षाकर्मी अति संवेदनशील मतदान केन्द्रतर्फ प्रस्थान गरेका छन् । उनीहरु निर्वाचन सामग्रीसहित आ-आफ्नो क्षेत्रमा गएका हुन् ।

हालसम्म सडक सञ्जालको पहुँचमा नपुगेको नार्पाभूमि क्षेत्रका मतदान अधिकृत, सहायक मतदान अधिकृत, कर्मचारी र सुरक्षाकर्मी निर्वाचनका सामग्रीसहित त्यसतर्फ निस्किएका मुख्य निर्वाचन अधिकृत रामप्रसाद पौडेलले जानकारी दिनुभयो । नार्पाभूमि क्षेत्रमा जाने बाटोको हिउँ पन्छाएपछि मात्र सामग्रीसहित त्यसतर्फ पठाइएको उहाँले बताउनुभयो । "नार्पाभूमि क्षेत्र अति जोखिम र संवेदनशील छ । उक्त क्षेत्र चीनको सिमानासँग जोडिएको छ । त्यसमाथि मौसम प्रतिकूल रहने गर्छ", मुख्य निर्वाचन अधिकृत पौडेलले भन्नुभयो । उक्त क्षेत्रमा पाँच अति संवेदनशील मतदान केन्द्र रहेका छन् । सदरमुकाम चामेबाट नार्पाभूमिका मतदान केन्द्रमा पुग्न तीन दिन लाग्छ । सो क्षेत्रमा सडक सञ्जालको पहुँच नहुँदा पैदल नै सामाग्रीसहित पुग्नुपर्ने बाध्यता छ । यहाँ प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदानका लागि प्रत्यक्षतर्फ र समानुपातिकतर्फ गरी १८ हजार मतपत्र जिल्ला पुगिसकेको प्रमुख निर्वाचन अधिकारी जीवन कुँवरले बताउनुभयो । मनाङमा एक अस्थायीसहित २८ मतदान केन्द्र रहेका छन् । निर्वाचनमा नेपाली कांग्रेसबाट टेकबहादुर गुरुङ, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का बाट यशोदा सुवेदी गुरुङ र मङ्गोल नेशनल अर्गनाइजेसनबाट रामबहादुर गुरुङ चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । यहाँ महिला तीन हजार ६२३ र पुरुष तीन हजार ३७७ मतदाताले २९ मतदान केन्द्रमार्फत मतदान गर्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

# 'रोजगारी खोज्ने होइन रोजगारी दिने युवा बनाउने हो'- उम्मेदवार रशिम आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

नेकपा (एमाले) का केन्द्रीय सदस्य कृष्ण थापाले कास्कीका तिनवटै क्षेत्रमा नै विगतका निर्वाचन भन्दा बढी अन्तरले एमालेको जित सुनिश्चित भएको दावी गरेका छन् ।

एमाले कास्कीका इन्चार्ज समेत रहेका थापाले यो चुनाव नालापानीको लडाई भएको बताउँदै देशभक्त शक्ति कमजोर हुन नहुने बताए । उनले आफ्नो पार्टीले सशक्त जुझारु उर्जावान उम्मेदवार रश्मि आचार्यलाई निर्वाचनमा खडा गरेको हुँदा विगतका निर्वाचन भन्दा बढि अन्तरले जित्ने विश्वास व्यक्त गरे । नेकपा एमाले क्षेत्र नं. २ कमिटीको आयोजनामा आज सम्पन्न निर्वाचन क्षेत्रीय कोणसभालाई सम्वोधनमा थापाले सो कुरा बताएका हुन् ।

एमालेलाई कमजोर आक्ने प्रयास भैरहेको भन्दै थापाले सबै दृष्टिकोणबाट उत्कृष्ट उम्मेदवार रश्मि अब जनताको मनबाट अबको सांसद भैसकेको उल्लेख गरे ।

कास्की २ बाट नेपाल कम्युनिस्ट पार्टी (एमाले) का प्रतिनिधि सभा




उम्मेदवार रशिम आचार्यले रोजगारी खोज्ने होइन रोजगारी दिने उद्धमी युवा बनाउने गरेर आफ्नो ध्यान केन्द्रीत हुने बताए । आज वातावरण र प्रभावकारी नीतिको अभावमा रोजगारी खोज्दै लाखौं युवा बेरोजगार रहेको र विदेशिनु परेको तथ्य आफुहरूसँग रहेको भन्दै सिप, इलम र दक्षता सहितको युवा निर्माणका लागि आफ्नो प्रतिवद्धता व्यक्त गरेका छन् । युवा स्वरोजगार बनाउन केन्द्रीय नीति र कार्यक्रम प्रभावकारी हुन नसकेको स्थानियको गुनासो सुन्दै आचार्यले लगानीका विशेष सहुलियतका प्याकेज बनाउनुपर्नेमा जोड दिए । नेकपा एमाले पोखरा १७ वडा कमिटीको व्यवस्थापनमा आयोजित कार्यक्रममा उम्मेदवार आचार्यले युवालाई देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न वर्तमान शिक्षा संरचनामा परिवर्तन आवश्यक रहेको बताए ।

हाल सैद्धान्तिक शिक्षा बढी र प्राविधिक शिक्षा कम रहेको अवस्थालाई सुधार गर्दै प्राविधिक धारको शिक्षालाई विस्तार गर्नुपर्नेमा उनको जोड छ । प्राविधिक शिक्षा हासिल गरेपछि युवा स्वतः व्यवसाय गर्न सक्षम हुने, उद्यमशीलतामा जोडिन सक्ने र आत्मनिर्भर बन्न सक्ने वातावरण तयार हुने आचार्यको तर्क छ । त्यसका लागि 'स्टार्टअप विजनेस' र वाणिज्य क्षेत्रलाई एकीकृत गर्दै सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने उनले बताए । युवा तथा बौद्धिक नेता उनले रोजगार प्रवर्द्धनका लागि स्पष्ट नीति निर्माण, साना तथा मझौला उद्यमलाई प्रोत्साहन र नयाँ व्यवसाय सुरु गर्न सहज वातावरण बनाइने प्रतिवद्धता व्यक्त गरे । आचार्यले रबिन्द्र अधिकारी र विद्या भट्टराईको नेतृत्वमा शुरु भएका अधुरा काम पूरा गर्ने र नयाँ युगको माग अनुसार प्रत्येक परिवार, हरेक समुदाय र संघ-संस्थाले देशको समृद्धिमा योगदान गर्नुपर्ने जोड दिदै सन्तुलित र सर्वाङ्गीण विकासमार्फत समृद्ध समाज निर्माण गर्न सकिने काम गर्ने उल्लेख्य गरे ।

कोण सभामा एमाले केन्द्रीय सदस्य प्रभा कोइराला, पूर्व केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य भिम कार्की, पूर्व केन्द्रीय सदस्य एवं पूर्व शिक्षामन्त्री विद्या भट्टराई सहितको उपस्थिति रहेको थियो । एमाले कास्कीका कार्यबाहक अध्यक्ष भेषराज बरालको अध्यक्षता सम्पन्न कार्यक्रममा क्षेत्र नं. २ का सचिव झपट रानाभाटले कार्यक्रम सञ्चालन `स्वागत एमाले पोखरा १७ का अध्यक्ष विक्रम गुरुङले गरेका थिए ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : बिसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन वहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्वन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्वन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

समय विताउन चाहन्हुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# देखाउन बनेको निर्वाचन आचारसंहिता

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न निर्वाचनलाई शान्तिपूर्ण, भयरहित र मानवअधिकारमैत्री रूपमा सम्पन्न गर्नका लागि निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्न आग्रह गरेको छ। निर्वाचन सफल पार्न सबैको भूमिका महत्वपूर्ण हुने भएकाले सबै पक्षले धैर्यता र संयमता अपनाउन, सामाजिक सञ्जालको दुरुपयोग नगर्न, गालीगलौज गर्ने प्रकारका सामग्री उत्पादन र प्रकाशन/प्रसारण नगर्न, शान्ति सुरक्षालाई थप मजबुत बनाउन, संभावित अवाञ्छित गतिविधि हुन नदिन तथा निर्वाचन आचारसंहिताको पूर्ण परिपालना गर्न आयोगले आग्रह गरेको छ।

आचारसंहिता पालना गराउने काम निर्वाचन आयोगको भएपनि कार्यान्वयन नहुँदा देखाउनका लागि भएको छासरकारले नै पालना नगर्ने र दलहरुले चुनौती दिंदा निर्वाचन आयोग टुलुटुलु हेरेर बस्नु विडम्बना हो। सरकार , राजनीतिक दल र मिडियाले आचारसंहिता पालनामा ईमानदार हुनुपर्ने हो।आधुनिक सभ्य समाजमा आचारसंहिता मानव अधिकार मैत्री होस भन्ने अपेक्षा हुन्छामानवअधिकार आयोगले प्रेस विज्ञप्ति जारी गरेर निर्वाचनलाई मानवअधिकारमैत्री बनाई नागरिकको मानवअधिकारको सम्मान गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गरिएको छ।

“आयोगले गरेको निर्वाचनपूर्वको अनुगमनको क्रममा उम्मेदवारबाट निर्वाचन आचारसंहिताको पूर्ण परिपालना हुन नसकेको पाइएको छ, देशका विभिन्न भागमा र्‍याली तथा सभामा बालबालिका सहभागी हुनु, पत्रकारमाथि धम्की तथा कुटपीट हुनु आचारसंहिता विपरीत हो”।, “भौतिकरूपमा चुनाव चिह्नको प्रयोग हुनु, बिना अनुमति व्यक्तिका घरमा प्रचार सामग्री र झण्डा टाँगिनु, स्थानीय निकाय तथा प्रदेश सरकारका पदाधिकारी निर्वाचनको प्रचारप्रसारमा सहभागी हुने गरेको पाइएको छ।”जस्को शक्ति उस्को भक्ति हुने अवस्था आउनु राम्रो होइन। निर्वाचन महंगो भएको भन्दै विरोध गर्नेहरुले नै तडकभडक गरेर झन महंगो बनाउने काम गरेका छन।

अनुगमनका क्रममा उम्मेदवारले अनुमति बिना बढी सवार ासाधन प्रयोग गर्नु, मतदातालाई अनुचित प्रभाव पार्ने प्रयास गरिनु, दलका कार्यकर्ता र समर्थकले सामाजिक सञ्जालको दुरुपयोग गरी एकापसमा गालीगलौज गर्ने गरेको पाइएको आयोगले जनाएको छ । साथै, सीमान्तकृत समुदायमा पर्याप्त मतदाता शिक्षा पुग्न नसक्नुजस्ता तथ्य पाइएको भएपनि दलका नेता र उम्मेदवारबीचको आपसी सौहार्दता, सुरक्षा निकायको सुरक्षा सतर्कता तथा निर्वाचन अधिकारी र स्थानीय प्रशासनबाट भएको निर्वाचनको तयारीजस्ता विषयलाई आयोगले सकारात्मक रूपमा लिएको छ।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा आयोगले अनुगमन टोली बनाई ४२ जिल्लामा निर्वाचनपूर्वको अनुगमन गरेको छ। आयोगको केन्द्रीय तथा प्रदेश कार्यालयबाट खटिएको अनुगमन टोलीले निर्वाचन अधिकृतको कार्यालयबाट भएको निर्वाचन तयारी, आचारसंहिताको पालनाको स्थिति, शान्तिसुरक्षाको अवस्थालगायतका विषयमा प्रमुख निर्वाचन अधिकृत, प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायसँग छलफल गरेको जनाएको छ।

अनुगमनका क्रममा राजनीतिक दल, उम्मेदवार तथा मतदातासँग आयोगले जानकारी लिएको र आयोगले विगतका निर्वाचनदेखि नै निर्वाचन अनुगमन गरी प्राप्त तथ्यका आधारमा सम्बन्धित निकायलाई आवश्यक सिफारिस गरी निर्वाचनलाई मानवअधिकारमैत्री बनाउन आग्रह गर्दै आएको छ। आयोगले निर्वाचनको दिन पनि विभिन्न अनुगमन टोली बनाई देशैभर अनुगमन गर्नेछ ।यो सबै देखाउनका लागि भएका छन।कार्यान्वयन भएको जनतले चाहेका हुन।जेनजी आन्दोलनपछि भएको निर्वाचनमा पनि उहीँ प्रबृत्ति देखिनु अझ बढोत्तरी हुनु विडम्बना हो। स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका नीतिगत र व्यवहारिक सुधारका लागि निर्वाचन आयोगले भूमिका निर्वाह गर्न सकेन।यसमा सुधार मात्र गरेर नपुगी परिवर्तन गर्न अबको संसदले नै अग्रसरता लिन र राजनीतिक दलले सडकबाट दबाब बढाउनु आवश्यक छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# नेशनल क्रियशनमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम




पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

पोखरा-८ स्थित नेशनल क्रियशन एकेडेमीमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम आइतबार सम्पन्न भएको छ।

कार्यक्रममा गत वर्षको वार्षिक परीक्षामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्न सफल विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । विद्यार्थीलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष गोपालबहादुर थापा, प्राचार्य ज्ञानेन्द्र थापा, प्रशासक विक्रम थापालगायतले पुरस्कार प्रदान गरेका थिए।

प्रशासक थापाका अनुसार कार्यक्रममा सबै कक्षाका एक सय ५० बढी विद्यार्थी पुरस्कृत भए। सोही अवसरमा विद्यालयले आयोजना गरेको विभिन्न अतिरिक्त क्रियाकलापमा विजेता विद्यार्थीलाईसमेत पुरस्कार प्रदान गरिएको क्रियाकलाप संयोजक सुधामा रेग्मीले जानकारी दिए।

कार्यक्रममा विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीले विभिन्न नृत्य, गीत तथा नाटक प्रस्तुत गरेको कार्यक्रम संयोजक युवराज गुरुङले जानकारी दिए। कार्यक्रम शुभारम्भ गर्दै विद्यालयका प्राचार्यले थापाले विद्यार्थीको सर्वाङ्गीण विकासमा यस्ता कार्यक्रमको ठूलो भूमिका खेल्ने बताए । कक्षा कोठाको पढाइले मात्र विद्यार्थीको सम्पूर्ण क्षमता उजागर नहुने भन्दै उनले पढाइसँगै कला, संस्कृति र खेलकुदमा विद्यार्थीलाई सहभागी गराइँदै आएको र यस्ता कार्यक्रमले आत्मविश्वास बढाउने दाबी गरे । उनले अनुशासन, मेहनत र लगनशीलता नै सफलताको आधार भएको भन्दै नियमित अभ्यास र सकारात्मक सोचले लक्ष्य हासिल गर्न सहयोग पुग्ने बताए। विद्यार्थीको प्रतिभालाई पहिचान गरी प्रोत्साहन गर्न अभिभावक, शिक्षक र विद्यालय प्रशासनबीच सहकार्य आवश्यक रहेको प्राचार्यको भनाइ थियो । विद्यालयका प्रशासक विक्रम थापाले विद्यालय स्थापनादेखि हालसम्म भएका महत्वपूर्ण गतिविधिमाथि प्रकाश पारेका थिए। उनले विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सधैँ प्रयत्नशील रहेको स्पष्ट पारे। विव्यस अध्यक्ष थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रशासक विक्रम थापाले स्वागत र अतिरिक्त क्रियाकलाप प्रमुख रेग्मीले सञ्चालन गरेका थिए।

नेशनल क्रियशन एकेडेमी १९ वर्ष अघि स्थापना भएको हो । विद्यालयमा कक्षा १२ सम्मको पढाई हुँदै आएको छ। विद्यालयमा हाल चार सय ५० विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा कक्षा १२ सम्मको पढाई हुँदै आएको छ।

# यसटकको चुनावमा पनि ‘घुमाउने पुल’ कै चर्चा

पोखरापत्र संवाददाता
तनहुँ, १७ फागुन

पोखरा-८ स्थित नेशनल क्रियशन एकेडेमीमा पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम आइतबार सम्पन्न भएको छ।

कार्यक्रममा गत वर्षको वार्षिक परीक्षामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्न सफल विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । विद्यार्थीलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष गोपालबहादुर थापा, प्राचार्य ज्ञानेन्द्र थापा, प्रशासक विक्रम थापालगायतले पुरस्कार प्रदान गरेका थिए।

प्रशासक थापाका अनुसार कार्यक्रममा सबै कक्षाका एक सय ५० बढी विद्यार्थी पुरस्कृत भए। सोही अवसरमा विद्यालयले आयोजना गरेको विभिन्न अतिरिक्त क्रियाकलापमा विजेता विद्यार्थीलाईसमेत पुरस्कार प्रदान गरिएको क्रियाकलाप संयोजक सुधामा रेग्मीले जानकारी दिए।

कार्यक्रममा विभिन्न कक्षामा अध्ययनरत विद्यार्थीले विभिन्न नृत्य, गीत तथा नाटक प्रस्तुत गरेको कार्यक्रम संयोजक युवराज गुरुङले जानकारी दिए।

कार्यक्रम शुभारम्भ गर्दै विद्यालयका प्राचार्यले थापाले विद्यार्थीको सर्वाङ्गीण विकासमा यस्ता कार्यक्रमको ठूलो भूमिका खेल्ने बताए।

कक्षा कोठाको पढाइले मात्र विद्यार्थीको सम्पूर्ण क्षमता उजागर नहुने भन्दै उनले पढाइसँगै कला, संस्कृति र खेलकुदमा विद्यार्थीलाई सहभागी गराइँदै आएको र यस्ता कार्यक्रमले आत्मविश्वास बढाउने दाबी गरे।

उनले अनुशासन, मेहनत र लगनशीलता नै सफलताको आधार भएको भन्दै नियमित अभ्यास र सकारात्मक सोचले लक्ष्य हासिल गर्न सहयोग पुग्ने बताए। विद्यार्थीको प्रतिभालाई पहिचान गरी प्रोत्साहन गर्न अभिभावक, शिक्षक र विद्यालय प्रशासनबीच सहकार्य आवश्यक रहेको प्राचार्यको भनाइ थियो।

विद्यालयका प्रशासक विक्रम थापाले विद्यालय स्थापनादेखि हालसम्म भएका महत्वपूर्ण गतिविधिमाथि प्रकाश पारेका थिए। उनले विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सधैँ प्रयत्नशील रहेको स्पष्ट पारे । विव्यस अध्यक्ष थापाको अध्यक्षतामा भएको कार्यक्रममा प्रशासक विक्रम थापाले स्वागत र अतिरिक्त क्रियाकलाप प्रमुख रेग्मीले सञ्चालन गरेका थिए।

नेशनल क्रियशन एकेडेमी १९ वर्ष अघि स्थापना भएको हो । विद्यालयमा कक्षा १२ सम्मको पढाई हुँदै आएको छ। विद्यालयमा हाल चार सय ५० विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा कक्षा १२ सम्मको पढाई हुँदै आएको छ।

# म्याग्दीको भिरकाटे–दोवा सडक स्तरोन्नति : लक्ष्यअघि नै सम्पन्न

पोखरापत्र संवाददाता
म्याग्दी, १७ फागुन

अन्नपूर्ण गाउँपालिका-१ भिरकाटेदेखि दोवा जोड्ने सडक स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यअघि नै सम्पन्न भएको छ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा रु एक करोड बजेट विनियोजन गरेको भिरकाटे-दोवा सडक स्तरोन्नति योजनाका लागि गत पुस महिनामा भण्डारी निर्माण सेवाले रु ६५ लाखमा ठेक्का सम्झौता गरेको थियो । आगामी चैतसम्म ठेक्काको म्याद रहेको योजना लक्ष्यभन्दा एक महिनाअघि नै सम्पन्न भएको हो । सम्झौतालगत्तै पुसदेखि काम थालेको निर्माण कम्पनीले दुई महिनामै योजना सम्पन्न गरेको वडासदस्य बिर्खबहादुर गर्बुजाले बताउनुभयो।

ब ग र द ` ि ख सुनारीटोल खण्डको अप्ठ्यारो ठाउँमा सडक स्तरोन्नति भएको हो। योजनामार्फत हाल तीनदेखि चार मिटर फराकिलो सडकलाई छ मिटरका दरले फराकिलो बनाएर, नाली, पर्खाल निर्माण, ३४० मिटरमा ढलान र ६० मिटर ग्राभेल गरिएको अन्नपूर्ण गाउँपालिकाका प्राविधिक गौरव भट्टले बताउनुभयो । निर्माण कम्पनीका प्रतिनिधि मनोज भण्डारीले पर्याप्त उपकरण, मजदुर परिचालन र निर्माण सामग्री व्यवस्थापन गरेर लक्ष्यअघि नै योजना सम्पन्न गरेको बताउनुभयो । यो सडक मार्ग खुलेको १७ वर्षपछि स्तरोन्नति थालिएको हो । विसं २०६६ मा स्थानीयवासीले करिब रु एक करोड चन्दा सुङ्कलन गरेर भिरकाटेदेखि दोवा जोड्ने आठ दशमलव दुई किलोमिटर दूरीको सडकको मार्ग खोलेका थिए।

मार्ग खुलेदेखि हालसम्म सामान्य मर्मतका भरमा जिप, ट्र्याक्टर र मोटरसाइकलमात्र सञ्चालन हुँदै आएको साँघुरो, ग्रेड र घुम्ती नमिलेको सडकलाई अन्नपूर्ण गाउँपालिकाले स्तरोन्नति थालेको हो। भिरकाटेस्थित कालीगण्डकी नदीमा मोटरेबल पुल बन्नुअघि नै ट्र्याक खुलेको भिरकाटे-दोवा सडकमा यसपालि हालसम्मकै धेरै बजेट विनियोजन भएको हो। वडासदस्य गर्बुजाका अनुसार तत्कालीन जिविसको रु १० लाख अनुदानका साथै गाउँले, पोखरा, काठमाडौँ र विदेशमा बस्ने दोबावासीले रु ९१ लाख चन्दा सहयोग जुटाएर सडक निर्माण गरिएको थियो। गत वर्ष रु ३० लाखबाट मारका क्षेत्रमा सडक स्तरोन्नति गरेको गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु २५ लाख विनियोजन गरेर योजनालाई निरन्तरता दिएको छ । सडक स्तरोन्नति भएपछि दोवाका तीन सय घरपरिवार लाभान्वित हुनेछन् । भिरकाटे-दोवा सडकलाई प्राथमिकताप्राप्त आयोजनामा समेटेर गाउँपालिकाले आगामी वर्षको बजेटमा निरन्तरता दिनुका साथै सङ्घीय र प्रदेश सरकारसँग पनि थप बजेट माग गरिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

# यसटकको चुनावमा पनि ‘घुमाउने पुल’कै चर्चा

पोखरापत्र संवाददाता
तनहुँ, १७ फागुन

मुग्लिङ-नारायणगढ सडकखण्डमा पर्ने घुमाउने पुल निर्माण सुरु भएको १२ वर्ष बित्यो । प्रत्येक निर्वाचनमा राजनीतिक दलको मुद्दा बन्ने यो घुमाउने पुल यसपाली पनि सबैको चासोको विषय बनेको छ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-२९ जोड्ने यो पुल अहिले निर्माणाधीन अवस्थामा छ। यही विषयलाई आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनका उम्मेदवार हरुले आफ्नो प्राथमिकतामा राखेका छन्। यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ केही दिन मात्रै बाँकी छ। निर्वाचन नजिकिदै गर्दा मत आफ्नो पक्षमा पार्न तनहुँ क्षेत्र नं.१ प्रतिनिधिसभा सदस्य उम्मेदवारले प्राथमिकतामा राखेका हुन्। पुल निर्माण समयमै सम्पन्न नहुनुको मुख्य कारण फरक छ । दुई वर्षअघि दुवैतर्फ पिल्लर ठड्याइए पनि बाढीका कारण नदीको सतह बढ्दाका अवस्थामा समस्या हुने देखिएपछि सच्याउने उद्देश्यले डिजाइन परिवर्तनको प्रक्रिया अगाडि बढाइएको सडक डिभिजन कार्यालय दमौलीले जनाएको छ । सडक डिभिजन कार्यालय दमौलीका डिभिजन प्रमुख राजीव श्रेष्ठले पहिले मुग्लिङको जस्तै आर्क डिजाइनमा पुल बनाउने योजना रहे पनि आर्कको आधार बस्ने ठाउँमै बाढीले क्षति पुर्‍याएपछि डिजाइन परिवर्तन गर्नैपर्ने बाध्यता आएको बताउनुभयो । निर्माण कम्पनीले गत वैशाखमा नयाँ डिजाइनको प्रस्ताव पेस गरेको छ। जसमा अहिले बनिसकेका पिल्लरको उचाइ थप गरी स्टिलको संरचना वा स्ल्याप राख्ने गरी नयाँ नक्सा विभागमा अध्ययनको क्रममा रहेको श्रेष्ठले जानकारी दिनुभयो। पुल निर्माणमा भएको ढिलाइले लागत र समय दुवै बढाएको छ भने सुरुमा लागत वृद्धिको विषयमा सडक विभाग र निर्माण कम्पनीबीच समदारी नमिले पनि अन्ततः कम्पनीकै लगानीमा परिवर्तित डिजाइन पेस गरिएको उहाँले बताउनुभयो । “हालसम्म योजनाको भौतिक प्रगति मात्र ३६ प्रतिशत रहेको छ र विसं २०८३ असार मसान्तसम्म निर्माण सक्ने गरी पछिल्लो पटक म्याद थप गरिएको छ”, उहाँले भन्नुभयो । दमौलीलाई चितवनसँग जोड्ने छोटो दूरीको वैकल्पिक मार्गका रूपमा लिइएको यस पुलको सम्झौता विसं २०७० असार २८ गते भएको थियो । सडक डिभिजन कार्यालय दमौलीका अनुसार विसं २०८० असोजमा आएको भीषण बाढीले सुरुको अनुमानभन्दा माथिको सतहलाई असर गरेपछि पुरानो ‘आर्क’ डिजाइनमा काम गर्न नसकिने देखिएको हो।

चितवनको घुमाउनेबाट बुद्धसिंहमार्ग हुँदै दमौली पुग्न मुग्लिङ-आँबुखैरेनी सडकभन्दा २६ किलोमिटर दूरी छोटो पर्ने भएकाले नारायणगढबाट पोखरातर्फ जाने सवारीसाधनका लागि यो निकै छिटो र वैकल्पिक मार्ग मानिन्छ । १०५ मिटर लम्बाइ र ११ मिटर चौडाइ रहने यस पुल रु १० करोड २१ लाख ८६ हजार ५५१ को लागतमा मृत सञ्जीवनी कम्पनी मकवानपुरले ठेक्का पाएको छ । लामो समयदेखि पुल अलपत्र परेपछि स्थानीय अत्यन्तै आक्रोशित अवस्थामा छन्।

बन्दीपुर गाउँपालिका-६ धरमपानी निवासी बिर्खमाया गुरुङले भन्नुभयो, “पुल नबन्दा यस क्षेत्रको आर्थिक र सामाजिक विकास ठप्प भएको छ ।” पुल निर्माण सम्पन्न नभएसम्म आगामी निर्वाचनमा कुनै पनि दललाई भोट नहाल्ने र मतदान नै बहिष्कार गर्ने सम्मको निर्णयमा स्थानीय पुगेका उहाँले बताउनुभयो । पहाडी क्षेत्रका बस्तीलाई सडक सञ्जालसँग जोड्ने यो महत्वपूर्ण कडी भए पनि प्राविधिक ढिलासुस्ती र प्राकृतिक अवरोधका कारण स्थानीयले लामो समयदेखि सास्ती भोगिरहनु परेको छ। पुल निर्माणको जिम्मा लिएपछि मात्रै प्रतिनिधिसभाको निर्वाचनमा मतदान गर्ने भएपछि अधिकांश उम्मेदवारले पहिलो प्राथमिकता दिएर अजेण्डा तय गरेर आमनागरिकसमक्ष पेस गरिरहेका छन् । तर, पुलका परिवर्तित डिजाइन आएपछि भने निर्माण कार्यले निरन्तरता पाउने अपेक्षा डिभिजन कार्यालयको छ।

# नेकपा एमाले कास्की–३ को ‘सुरक्षा कमाण्ड’ घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १७ फागुन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) कास्की निर्वाचन क्षेत्र नं.३ ले फागुन २१ मा हुने निर्वाचनलाई लक्षित गर्दै ‘सुरक्षा कमाण्ड’ घोषणा गरेको छ। पोखरामा आयोजित विशाल भेलामा सयौं युवाको सहभागिता रहेको थियो । सहभागी युवाहरूले एमालेका उम्मेदवारलाई विजयी गराउने दृढ प्रतिबद्धतासहित कमाण्ड घोषणा गरेका हुन्।

कार्यक्रमका प्रमुख अतिथि एमाले नेता तथा पूर्व मन्त्री जगत बहादुर विश्वकर्माले चौतर्फी घेराबन्दीका बीच पनि एमालेको जित सुनिश्चित हुने दाबी गरे। उनले युवाहरूलाई अझ सक्रिय र संगठित भएर निर्वाचनमा होमिन आग्रह गरे।

एमाले कास्की-३ का उम्मेदवार दामोदर पौडेल (वैरागी) ले एमाले जनतामाझ स्थापित शक्ति भएको उल्लेख गर्दै समृद्ध नेपालको नेतृत्व एमालेले गर्ने विश्वास व्यक्त गरे । समानुपातिकतर्फका उम्मेदवारहरूलाई समेत विजयी गराउने संकल्प सभाले गरेको छ। भेलाले पानबहादुर जिसी, नमराज केसी र मञ्जु कुँवरको नेतृत्वमा ५ सय सदस्यीय सुरक्षा कमाण्ड घोषणा गरेको छ।

एमाले नेता लक्ष्मी अधिकारीका अनुसार निर्वाचनलाई आफ्नो पक्षमा पार्ने र निर्वाचन विरोधी गतिविधि नियन्त्रण गर्ने उद्देश्यले कमाण्ड गठन गरिएको हो।

क्षेत्र नं. ३ अन्तर्गत पर्ने पोखरा महानगरका वडा नं. १, २, ५, १८, १९, २४ र २५ को कमाण्ड जिम्मेवारी डिल्लीराम सुवेदीलाई दिइएको छ । अन्य वडाको जिम्मा सूर्य भण्डारीलाई तोकिएको छ । त्यस्तै माछापुच्छ्रे गाउँपालिका मा दलबहादुर लामिछाने र अन्नपूर्ण गाउँपालिका मा शिव सुवेदीलाई कमाण्डरको जिम्मेवारी प्रदान गरिएको छ। कार्यक्रममा नेता राजिव पहारी, माधव बास्तोला, कमाण्डर शिव सुवेदी र जेनजी शिवानी पौडेलले एमालेको पक्षमा जुनसुकै शक्तिविरुद्ध पनि सक्रिय रहने प्रतिबद्धता जनाए।

# हिमालपारि पनि प्रभावित हुँदैन निर्वाचन

**वासुदेव पौडेल र कृष्ण दवाडी**
पोखरा, १७ फागुन/रासस

निर्वाचन आउन पाँच दिन बाँकी रहँदा गण्डकी प्रदेशअन्तर्गत हिमालपारिका जिल्ला मनाङ र मुस्ताङमा चिसोका कारण निर्वाचन प्रभावित बन्न सक्ने आशङ्का रहे पनि ती क्षेत्रमा निर्वाचन सहज रूपमा हुने देखिएको छ ।

हिमपातका कारण केही स्थानमा मतदान केन्द्र सानुपर्ने भए पनि पछिल्ला समयमा मौसम न्यानो हुँदै गएकाले सम्बन्धित मतदान केन्द्रमा मतदान गर्नेगरी सहमति भएको प्रदेश निर्वाचन कार्यालय, पोखराका प्रमुख नारायण ढकालले जानकारी दिनुभयो । "मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको चार हजार ४०० मिटर उचाइ पार गरेर जानुपर्ने शाङ्ता गाउँ र चार हजार २०० मिटर उचाइमा रहेको मनाङको नार्पा भूमि गाउँपालिकाका नार र फू गाउँमा हिमपातका कारण मतदान केन्द्र सानुपर्ने देखिएको थियो", उहाँले भन्नुभयो, "हाल मौसम न्यानो हुँदै गएकाले बाटो खुलाएर सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने सहमति भएको छ ।"

उहाँका अनुसार गण्डकी प्रदेशमा तीन हजार मिटरभन्दा बढी उचाइ माथिका मतदान केन्द्र ५४ वटा छन् । तीमध्ये मुस्ताङमा २४, गोरखामा १५, मनाङमा १४ र म्याग्दीमा एउटा मतदान केन्द्र रहेका ढकालले जानकारी दिनुभयो । तीन हजार मिटरभन्दा माथि उचाइका मतदान केन्द्रमा खटिने कर्मचारीका लागि लागि आवश्यक पर्न सक्ने औषधीहरूको समेत तयारी गरिएको ढकालले जानकारी दिनुभयो ।

गण्डकी प्रदेश हिमाल र पहाड तराई तीनै किसिमका भूभाग समेटिएको क्षेत्र हो । यहाँ हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङसहित पहाडी जिल्ला कास्की, स्याङ्जा हुँदै तराईको जिल्ला नवलपुर समेटिएको छ । अठार वटा निर्वाचन क्षेत्र रहेको गण्डकीमा ३० जना स्वतन्त्र उम्मेदवारसहित २३४ जनाको उम्मेदवारी परेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार तीमध्ये २०५ पुरुष र २९ जना महिला उम्मेदवार छन् । प्रदेशमा सबैभन्दा बढी १८ दलले कास्कीमा उम्मेदवारी दर्ता गरेका छन् भने मनाङमा तीन दलले मात्र उम्मेदवारी दर्ता गरेका उहाँले उल्लेख गर्नुभयो । प्रदेश निर्वाचन कार्यालयका अनुसार गण्डकी प्रदेशमा कुल १८ लाख ७० हजार ६५ मतदाता रहेकामा पुरुषको सङ्ख्या नौ लाख १४ हजार ८००, महिलाको सङ्ख्या नौ लाख ५५ हजार २५१ र अन्य १४ जना रहेका छन् ।

प्रदेशमा निर्वाचनका लागि एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र निर्धारण गरिएको छ । उक्त केन्द्रमा १४ हजार ३५० जना कर्मचारी र सात हजार ६५ जना स्वयमसेवक खटिने ढकालले जानकारी दिनुभयो ।

निर्वाचनका लागि प्रदेशका सबै जिल्लामा तयारी तीव्र रूपमा अघि बढेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । प्रदेशको राजधानी रहेको कास्की जिल्लामा निर्वाचनका सबै किसिमका तयारीलाई तीव्र रूपमा अघि बढाइएको मुख्य निर्वाचन अधिकृत हिमलाल बेलबासेले जानकारी दिनुभयो ।

जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा ४९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ । जसमध्ये ४४ पुरुष र पाँच महिला उम्मेदवार रहनुभएको छ । जिल्लामा तीन लाख आठ हजार ५७२ मतदाता रहनुभएको छ । जिल्लामा १५३ मतदानस्थल र ३६३ मतदान केन्द्र कायम गरिएको छ । मुख्य निर्वाचन अधिकृत बेलबासेका अनुसार जिल्लामा निर्वाचन आचारसंहिता पालना गराउने विषयलाई प्राथमिकताका साथ अघि बढाइएको छ । हालसम्म निर्वाचन आचारसंहिता उल्लङ्घनका सम्बन्धमा लिखित उजुरी नपरे पनि मौखिक उजुरी भने परेको उहाँले जानकारी दिनुभयो । मौखिक उजुरीहरूमा ध्वनि प्रदूषण, सरकारी भन्डा दुरुपयोग, भोजभतेर, निर्वाचन चिह्नको भौतिक प्रयोग, निर्वाचन चिह्न अङ्कित ब्याचको प्रयोग, पहिरन, २५ जनाभन्दा बढी सङ्ख्यामा घरदैलो आदि गरिएको उहाँले जानकारी दिनुभयो ।

प्राप्त उजुरीअनुसार उक्त उजुरीउपर कारबाही गरिएको उहाँले जानकारी दिनुभयो । जिल्लाको निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचनलाई लक्षित गरी चारवटै सुरक्षा निकायको एकीकृत परिचालन गरिएको छ । जिल्लाका मतदानस्थललाई सामान्य, संवेदनशील र अति संवेदनशीलमा वर्गीकरण गर्दै त्यहीअनुरुप सुरक्षा प्रबन्ध मिलाइएको छ। हालसम्म निर्वाचन विरोधी गतिविधिमा संलग्न भएको आरोपमा कास्कीबाट आठ जनालाई नियन्त्रणमा लिइएको प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनुभयो । नियन्त्रणमा लिइएकामध्ये तीन जनाविरुद्ध मुद्दा चलाइएको भन्दै पाँच जनामाथि अनुसन्धान भइरहेको उहाँले बताउनुभयो । मतदानपछि मतपेटिका सुरक्षित रूपमा मतगणनास्थलसम्म ल्याउन प्रजिअकै नेतृत्वमा विशेष 'टास्क फोर्स' बनाइएको छ ।

उम्मेदवारहरूले निर्वाचन प्रयोजनका लागि छुट्टै बैङ्क खाता खोल्नुपर्ने व्यवस्था रहे पनि जिल्लाका ४९ जना उम्मेदवारमध्ये हालसम्म ४२ जनाले मात्रै खाता खोलेको प्रमुख कोष नियन्त्रक तथा अनुगमन अधिकृत रमेश अर्यालले जानकारी दिनुभयो । निर्वाचन आचारसंहिताअनुसार उम्मेदवारले छुट्टै बैङ्क खाता खोलेर सोही मार्फत खर्च गर्नुपर्ने प्रावधान रहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार खर्चको विवरण देखाउनका लागि ४५ जनाले सिफारिस लगेको भए पनि कर्जा सूचना केन्द्रको 'कालोसूची'मा परेका कारण दुई जना उम्मेदवारको बैङ्क खाता खुल्न सकेको छैन भने एक जना उम्मेदवारको नागरिकताको विवरण नमिलेका कारण खाता खुलेको छैन । अन्य चार जना उम्मेदवारले भने आफूहरूले पार्टीकै खाताबाट कारोबार गर्ने जिकिर गर्दै निर्वाचन आयोगको निर्देशन अटेर गरेको उहाँले जानकारी दिनुभयो । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी दल तथा उम्मेदवारले चुनाव प्रचारप्रसार तीव्र बनाएका छन् ।



फुलेको लालीगुराँस :
कास्कीको पोखरा-११ स्थित काहुँडाँडामा ढकमक्क फुलेको लालीगुराँस । पोखराको मुख्य बजारदेखि नजिकमा रहेको सो स्थानमा लालीगुराँस फुलेसँगै पर्यटकको आकर्षण बढेको छ । तस्बिर : हरिप्रसाद बास्तोला/ रासस

# उत्तरगङ्गा नदीमा छानोसहितको साँघु निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ फागुन



ढोरपाटन नगरपालिकाले उत्तरगङ्गा नदीमा छानोसहितको साँघु निर्माण गरेको छ । पर्यटक र स्थानीयलाई वारपार गर्न सहज होस् भन्दै नगरपालिकाले साँघु निर्माण गरेको हो ।

हरेक वर्षातको समयमा उत्तरगङ्गामा पानीको बहाव बढ्ने हुँदा ढोरपाटन बराह मन्दिर क्षेत्रदेखि पारिपट्टिको सेलपाखे, सिकार आरक्ष कार्यालय क्षेत्रलगायत ठाउँमा पुग्न पैदलयात्रा गर्नुपर्ने बाध्यता थियो । चालु आर्थिक वर्षमा विनियोजन गरेको रु नौ लाख ५० हजारको लागतमा मौलिकतासहितको साँघु निर्माण गरेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले जानकारी दिनुभयो । साँघुको सहतमा सिमेन्टको ढलानसहित काठ र ढुङ्गाको छानो हालेर निर्माण गरिएको छ । उहाँले भन्नुभयो, "पछिल्लो समय ढोरपाटनमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दो छ, तर उत्तरगङ्गामा पुल नहुँदा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता थियो, अब त्यो समस्या समाधान भएको छ, यसले स्थानीय र पर्यटकलाई सहज बनाउनेछ ।" ढोरबहार मन्दिरदेखि स्यालपाखे जोड्नेगरी उक्त साँघु निर्माण भएको छ । पुल नहुँदा हरेक वर्षात्मा उत्तरगङ्गाको बाढीले मानवीय क्षति हुने गरेको थियो । साँघु नबन्दा ढोरबहार मन्दिरदेखि स्यालपाखे, पाखाथर, छेन्तुङ, ढोरपाटन सिकार आरक्ष, बुकीपाटन र जलजला जाने पर्यटकले घण्टौं लगाएर नवी र मोराङ दोगाडी घाटमा रहेको भोलुङ्गो पुल तर्नुपर्ने बाध्यता थियो ।

# चौथो हिसान गण्डकी फुटसलमा प्लस-२ तर्फ चिल्ड्रेन लाइफ र कलेजतर्फ इन्फरमेटिक्स च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन



चौथो हिसान गण्डकी फुटसल प्रतियोगिता २०८२ को उपाधि प्लस-२ तर्फ बागलुङको चिल्ड्रेन लाइफ बोर्डिङ स्कुल तथा विश्वविद्यालय (कलेज) तर्फ इन्फरमेटिक्स कलेजले च्याम्पियन भएका छन् ।

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) गण्डकीको आयोजनामा तथा सबिन मेमोरियल एफसीको व्यवस्थापनमा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा प्रतियोगिता सम्पन्न भएको हो ।

प्लस-२ तर्फको फाइनल खेलमा चिल्ड्रेन लाइफले पोखरा मासबारस्थित स्टेप वाई स्टेप स्कुललाई ३-१ गोलले पराजित गर्दै च्याम्पियन बन्यो । चिल्ड्रेन लाइफको जितमा आयुष पौडेलले दुई गोल तथा बरदान थापा मगरले एक गोल गरे भने स्टेप वाई स्टेपका आश्रय कुँवरले सान्त्वना गोल फर्काए । स्टेप वाई स्टेप लगातार दोस्रो पटक उपविजेतामै सीमित बन्यो । उपाधिसँगै चिल्ड्रेन लाइफले नगद रु १ लाखसहित रनिङ शिल्ड प्राप्त गऱ्यो भने उपविजेता स्टेप वाई स्टेपले नगद रु ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र हात पाऱ्यो । प्लस-२ तर्फ स्टेप वाई स्टेपका कुन्जन पौडेल उत्कृष्ट खेलाडी घोषित भए । चिल्ड्रेन लाइफका रेशम बाबु रिजाल उत्कृष्ट गोलकिपर तथा आयुष पौडेल सर्वाधिक गोलकर्ता बने । यता विश्वविद्यालय (कलेज) तर्फ इन्फरमेटिक्स कलेजले आफ्नो दबदबा कायम राख्दै उपाधि रक्षा गर्न सफल भयो । फाइनलमा इन्फरमेटिक्सले लेक सिटी कलेजलाई १-० गोल अन्तरले पराजित गऱ्यो । इन्फरमेटिक्सका लागि निर्णायक गोल सुशिल बरुवालले गरेका थिए ।

च्याम्पियन इन्फरमेटिक्सले नगद रु २५ हजार तथा उपविजेता लेक सिटी कलेजले नगद रु १० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे । विश्वविद्यालयतर्फ इन्फरमेटिक्सका नारायण प्रकाश पुन उत्कृष्ट खेलाडी घोषित भए भने पुकार गुरुङ उत्कृष्ट गोलकिपर र इन्फोम्याक्सका सवल दाहाल सर्वाधिक गोलकर्ता बने ।

प्रतियोगिताका विजेता टोली तथा उत्कृष्ट खेलाडीहरुलाई गण्डकी विश्वविद्यालयका उपकुलपति डा. कृष्ण राज अधिकारी, नेपाल ओलम्पिक कमिटी स्पोर्ट्स एकेडेमीका अध्यक्ष तेजबहादुर गुरुङ, राष्ट्रिय परीक्षा बोर्ड प्रदेश व्यवस्थापन कार्यालयकी उपसचिव इश्वरी शाह, हिसान केन्द्रीय सल्लाहकार बाबुराम पन्त, केन्द्रीय उपाध्यक्ष डोलराज पाण्डेलगायतले पुरस्कार वितरण गरेका थिए ।

कार्यक्रममा हिसान गण्डकी प्रदेशका अध्यक्ष डा.रामजी शर्माले प्रतियोगिताले युवा खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै प्रतियोगिता सफल बनाउन सहयोग गर्ने सबिन मेमोरियल एफसीलगायत सबैप्रति आभार व्यक्त गरे । प्रतियोगितामा प्लस-२ तर्फ विभिन्न जिल्लाबाट छनोट भएका १६ टोली तथा विश्वविद्यालय (कलेज) तर्फ ८ टोली गरी कुल २४ टोलीको सहभागिता रहेको थियो । प्लस-२ समूहमा कास्कीबाट ८, बागलुङबाट ३, तनहुँबाट ३ तथा पर्वत र म्याग्दीबाट समान १-१ टोली सहभागी रहेको आयोजकले जनाएको छ ।

# उमेदवार तिलक रानाभाटको वडा-३२ मा घरदैलो अभियान

**पोखरापत्र संवाददाता**
लेखनाथ, १७ फागुन



कास्की क्षेत्र नम्बर १ अन्तर्गत पोखरा महानगरपालिका वडा नम्बर ३२ मा नेपाली काँग्रेसका प्रतिनिधि सभा सदस्यका उम्मेदवार तिलक रानाभाटको चुनावी घरदैलो तथा कार्यकर्ता भेटघाट कार्यक्रममा हजारौं युवाको उल्लेख्य सहभागिता देखिएको छ ।

बिहानदेखि साँझसम्म सञ्चालन गरिएको अभियानमा विभिन्न टोलबस्तीका स्थानीय, युवाहरू, महिला समूह तथा पार्टीका कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो ।

घरदैलोका क्रममा रानाभाटले आगामी विकास योजना युवा मैत्री र युवा नेतृत्व केन्द्रित हुनुपर्नेमा जोड दिँदै युवाको सक्रिय सहभागिताबिना दिगो विकास सम्भव नहुने बताए । उनले समाजका सबै क्षेत्रमा युवाको भूमिका सुदृढ गर्न आवश्यक रहेको उल्लेख गर्दै शिक्षा, रोजगारी र उद्यमशीलतामार्फत युवालाई उत्पादनशील शक्तिका रूपमा अघि बढाउनुपर्ने धारणा व्यक्त गरे ।

अभियान अन्तर्गत वडा नं. ३२ का विभिन्न बस्तीमा घरघरमै पुगेर नागरिकसँग प्रत्यक्ष संवाद गरिएको थियो। स्थानीय पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि, सुकुम्बासी व्यवस्थापन लगायतका विषयमा नागरिकका गुनासा र सुझाव संकलन गरिएको र समस्याको दिगो समाधानका लागि योजना निर्माण गरिने रानाभाटले बताए । आफू क्षेत्र नं. १ बाट नेपाली काँग्रेसको उम्मेदवारका रूपमा जनताको सेवा र विकासका एजेन्डामा प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

रानाभाटले विजयी भए सुकुम्बासी समस्या व्यवस्थित समाधान, लामेआहाको प्रस्ताविक क्षेत्रीय बसपार्क निर्माण, गण्डकी विश्वविद्यालयको विस्तार, रुपातालको समग्र विकास, कृषि आधुनिकीकरण, माहुरीपालन प्रवर्द्धन तथा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्ने प्रतिबद्धता व्यक्त गरे । स्थानीय स्रोत-साधनको अधिकतम उपयोगमार्फत आत्मनिर्भर वडा निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।

उनका अनुसार कृषकलाई केन्द्रमा राखी आयआर्जन अभिवृद्धि गर्ने योजना प्राथमिकतामा रहनेछ सडक पहुँच विस्तार, व्यवसायमुखी कृषि, जडीबुटी उत्पादन र स्थानीय उद्योग प्रवर्द्धनमार्फत वडाको अर्थतन्त्र सुदृढ गर्न सकिने उनले बताए ।

महिला अधिकार सुदृढीकरण, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा विस्तार तथा सीपमूलक शिक्षालाई क्षेत्रीय विकासका आधार स्तम्भका रूपमा अघि सारिएको उनले उल्लेख गरे।

कार्यक्रममा केन्द्रीय सदस्य कृष्ण केसी, वडा सभापति, नेपाली काँग्रेसका विभिन्न भ्रातृ संघ प्रतिनिधि, कार्यकर्ता तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो। तल्लोगगनगौडा, लामेआहाल, मजुवा, खुदीखोला, मालमुल, राजाको चौतारा, मालेपाटन, ढोडेवेसी, सातमुहाने र खोलाको छेउ लगायतका बस्तीमा घरदैलो अभियान सञ्चालन गरिएको हो ।

# पोखराको खुदीमा एउटा बस्तीका सबै युवा एमाले प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, १७ फागुन

पोखरा महानगरपालिका-३२ खुदी खोलाको एउटा बस्तीका सबै युवा एमाले प्रवेश गरेका छन् । खुदी खोला एक नम्बर बस्तीका प्रभावशाली ३५ युवा निर्वाचनको मुखमा आइतबार एमाले प्रवेश गरेका हुन् ।

एमाले नेता एवं गण्डकी प्रदेश सभा सदस्य वेदबहादुर गुरुङ, एमाले जिल्ला सचिव दर्शन लामासहितको टोलीले उनीहरुलाई पार्टीमा स्वागत गऱ्यो । यसअघि यो बस्तीमा माओवादीको पकड राम्रो थियो र एमाले केही कमजोर थियो । स्थानीय मिलन लामाको नेतृत्वमा लक्ष्मण क्षेत्री, मनिष न्यौपाने, महेन्द्र थापा, बुद्धि तामाङसहित ४० युवा एमाले प्रवेश गरेका हुन् । उनीहरुले कास्की १ मा एमालेका उम्मेद्वार बैनबहादुर अधिकारी क्षेत्रीलाई जिताउन सक्रिय भएर लाग्ने सामूहिक घोषणा गरेका छन् । कास्की-१ को विकास निर्माणमा एमालेको योगदान प्रशंसनीय रहेको र यही पार्टी देशलाई आवश्यक रहेकाले आफूहरु प्रवेश गरेको स्थानीय मिलन लामाले बताए ।